आज मिति २०७५ साल आषाढ १२ गते मंगलवारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री | हरिकुमार राना | अध्यक्ष |
| २ | नगर उपप्रमुख | श्री | कमला खतिवडा आचार्य | सदस्य |
| ३ | वडाध्यक्ष | श्री | गजाधर खतिवडा | सदस्य |
| ४ | वडाध्यक्ष | श्री | रघुनाथ खनाल | सदस्य |
| ५ | वडाध्यक्ष | श्री | जीवकुमार भण्डारी | सदस्य |
| ६ | वडाध्यक्ष | श्री | दुर्गाप्रसाद दाहाल | सदस्य |
| ७ | वडाध्यक्ष | श्री | ध्यानबहादुर भारती | सदस्य |
| ८ | वडाध्यक्ष | श्री | लोकनाथ गौतम | सदस्य |
| ९ | वडाध्यक्ष | श्री | नवराम ढुङ्गाना | सदस्य |
| १० | वडाध्यक्ष | श्री | गोपीचन्द्र गौतम | सदस्य |
| ११ | वडाध्यक्ष | श्री | पुष्पकुमार प्रसाई | सदस्य |
| १२ | वडाध्यक्ष | श्री | बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य |
| १३ | वडाध्यक्ष | श्री | भैरवबहादुर खड्का | सदस्य |
| १४ | सदस्य | श्री | लक्ष्मी तामाङ्ग | सदस्य |
| १५ | सदस्य | श्री | हरिमाया भण्डारी | सदस्य |
| १६ | सदस्य | श्री | शकुन्तला बराल | सदस्य |
| १७ | सदस्य | श्री | दिलमाया शिवा | सदस्य |
| १८ | सदस्य | श्री | खिनमान दर्जी | सदस्य |
| १९ | सदस्य | श्री | रमेशकुमार दर्जी | सदस्य |
| २० | सदस्य | श्री | दिलिप गुरुङ्ग | सदस्य |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री | राधाकृष्ण खतिवडा | सदस्य सचिव |

आमन्त्रित

१. रवरिदार -श्री सौजन्य कटुवाल

२.

*मिति २०७५/०३/१२ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:*

१.आगामी नगरसभाबाट अनुमोदन हुने गरी ठूलो नेते खोलामा बनेको काठे पुलको संरक्षणका लागि तारजाली तथा कालिखोलाको कल्भर्ट मर्मत लागि क्रमागत बहुवर्षिय आयोजनाका रुपमा आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरीरु ५ लाख विनियोजन गर्ने ।

२.२०७५/०३/०६ को नगर कार्यपालिका बैठकको निर्णयानुसार कार्यालय प्रयोजनका लागि दुई थान हलुका सवारी साधन खरिद प्रक्रिया अघि बढाउने निर्णय भएकोमा सो कार्यका लागि चालु आर्थिक वर्षको अन्त्य सम्म खर्च हुन बाँकी भई बचत हुने रकमबाट भुक्तानी हुने गरी श्रोतको सुनिश्चिता गरी खरिद प्रक्रिया अगाडी बढाउन सूचना प्रकाशन गर्ने ।

३.चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा तर्फ बाह्रय खोप केन्द्र निर्माणका लागि रु ९ लाख विनियोजन भएकामा बाँकी रहेको रकम रु ६ लाख वडा नं १० स्थित बाह्रय खोप केन्द्र निर्माणमा रु ३ लाख तथा वडा नं. ६ स्थित केन्द्रमा रु ३ लाख विनियोजन गर्ने ।

४. शनिश्चरे बजार केन्द्रको आसपास १ किलो मिटर भित्र शनिश्चरे बजार व्यवस्थापनका लागि जग्गा आवश्यक परेको हुँदा सोका लागि नि:शुल्क जग्गा प्रदान गर्न सम्बन्धित जग्गाधनीहरुलाई आह्वान गर्ने ।

५.आगामी आर्थिक वर्ष ०७५/०७६ का लागि वार्षिक बजेट तथा कार्यक्रम निर्माणका सम्बन्धमा आर्थिक विकाससँग सम्बन्धित कार्यक्रमहरुको एकिकृत कार्यक्रम निर्माण गरी सो सँग सम्बन्धित कुल बजेटको ६० प्रतिशत रकम खर्च हुने गरी अर्जुनधारा ८ मा पाइलट प्रोजेकटका रुपमा एकिकृत कार्यक्रम सञ्चालन गर्ने तथा बाँकी ४० प्रतिशत बजेट अन्य दश वटा वडामा विनियोजन गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

६.मिति २०७५/०१/२१ गतेको नगर कार्यपालिकको निर्णयानुसार अर्जुनधारा ३ र ४ मा ढुंगा तारजाली लगाउन रु ५,४०,०००/- विनियोजन भएकामा सो रकम भन्दा रु २,१७,८००/- बढी खर्च भई भुक्तानीका लागि माग भई आएकाले सो रकम भुक्तानी दिने ।

७. आगामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट नीति तथा कार्यक्रम निर्माणका सम्बन्धमा नगरपालिकाका विभिन्न राजनैतिक दलका प्रतिनिधिहरुसँग मिति २०७५/०३/१७ गते दिनको २ बजे नगरपालिकामा एक अन्तर्क्रिया कार्यक्रम गर्ने ।

२०७५/०३/१४

नगर प्रमुख